निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन बुलेटिन
# Election Bulletin

वर्ष ५ अङ्क ३ पूर्णाङ्क १६ २०७२ पुस (Dec. 2015 - Jan. 2016)




**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं
फोन नं. ०१–४२२८६६३
फ्याक्स नं. ०१–४२२६७००
E-mail: info@election.gov.np.
Website: www.election.gov.np

# निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारी तथा निर्वाचन बुलेटिनका सल्लाहकारहरू



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री शारदाप्रसाद त्रिताल

## सम्पादक मण्डल

| संयोजक | सदस्यहरू | सदस्य सचिव |
|---|---|---|
| सहसचिव श्री वीरबहादुर राई | उपसचिव श्री एकनारायण शर्मा<br>उपसचिव श्री लक्ष्मीदेवी होमागाईं | शाखा अधिकृत श्री भेषराज रिजाल |

## यस प्रकाशनमा समाविष्ट विषयहरू


१. आयोगको प्रमुख निर्वाचन आयुक्तमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव
२. आयोगका पदाधिकारीहरूद्वारा प्रधानमन्त्रीसँग भेटघाट
३. मतदाता नामावली सङ्कलन तथा अद्यावधिकसम्बन्धी विशेष कार्यक्रम
४. सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च (FEMBoSA) को छैठौँ बैठकमा आयोगको सहभागिता
५. लैङ्गिकता र समावेशितासम्बन्धी तालिम, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम
६. चितवन र पाल्पामा ब्रिज कार्यशाला सम्पन्न
७. वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी अभिमुखीकरण
८. राजनीतिक दलको आय-व्ययको विवरणको लेखापरीक्षण तथा निर्वाचन खर्चसम्बन्धी प्रशिक्षण
९. सामाजिक अध्ययन विषयक शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण
१०. आयोगका निर्णयहरु
११. वैदेशिक भ्रमण
१२. आयोगमा नयाँ सहसचिवहरू
१३. आयोगको सरूवा मापदण्ड, २०७२
१४. निर्वाचन पत्रिका र वार्षिक प्रतिवेदन प्रकाशित
१५. निर्वाचन दिवस घोषणा
१६. प्राविधिक समितिद्वारा प्रतिवेदन तयार
१७. निर्वाचन इतिहास लेखन प्रारम्भ
१८. निर्वाचन सञ्चालन दिग्दर्शन तयारी प्रारम्भ
१९. आयोगका अवकाश प्राप्त कर्मचारीहरूको विदाइ

## सम्पादकीय

राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने तथा उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर परिणाम घोषणा भइनसकेको अवस्थामा उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने संवैधानिक जिम्मेवारी पाएको निर्वाचन आयोगले आफ्ना कार्यहरूलाई प्रभावकारी, व्यवस्थित, लागतप्रभावी एवं विश्वसनीय बनाउनका लागि प्रविधिको प्रयोगमा जोड दिँदै आइरहेको छ ।

स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउन निरन्तर क्रियाशील रहेको आयोगले २०६६ साल चैत्रदेखि मतदाता नामावलीमा सुधार गर्दै बायोमेट्रिक विवरणसहितको मतदाता नामावली बनाई यसकै आधारमा संविधानसभा सदस्य निर्वाचन, २०७० र संविधानसभा सदस्य उपनिर्वाचनहरू सम्पन्न गरिसकेको छ । फोटोसहितको मतदाता नामावलीको आधारमा मतदाता परिचयपत्रसमेत तयार गरी लागू गरिनाले संविधानसभा सदस्य निर्वाचन, २०७० मा मतदाताको ऐतिहासिक सहभागिता रहन गएको यथार्थलाई सबैले मनन गर्नै पर्दछ । संविधानसभा सदस्य निर्वाचन, २०६४ मा काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. १ बाट विद्युतीय मतदान उपकरणको प्रयोग गरी निर्वाचनमा मतदान, मतगणना तथा नतिजा घोषणालाई सरल, सहज तथा विश्वसनीय बनाउने कार्यको थालनी गरिएको थियो भने मुलुकभरका मतदान केन्द्रको अवस्थिति एवं भू-सूचना सङ्कलन गरी Polling Centre Master List (PCML) तथा नक्साहरूसमेत तयार गरी निर्वाचनमा प्रयोग गरिएको छ । एसएमएसमा आधारित इभेन्ट ट्र्याकिङ सिस्टम अवलम्बन गरी संविधानसभा सदस्य निर्वाचन, २०७० मा निर्वाचन सामग्री, सुरक्षा व्यवस्था, मतदान केन्द्रमा सम्पादित कार्य प्रक्रिया लगायतबारे जानकारी लिई आयोगले निर्वाचन व्यवस्थापनमा एउटा नयाँ शुरूवात गरेको छ । निर्वाचन पर्यवेक्षणको अनुमतिका लागि आवेदन, मतदाता शिक्षाको सञ्चालन, राजनीतिक दल दर्ता एवं समानुपातिक निर्वाचन प्रणालीतर्फ मतगणना एवं सिट वितरणलगायतका कार्यमा प्रविधिको प्रयोग गरिएको छ । निर्वाचन जोखिम व्यवस्थापनका लागि जोखिम विश्लेषण औजारहरूको प्रयोग थालिएको छ । प्रविधिसम्बन्धी कार्यहरूलाई सम्पादन गर्न आयोगमा सूचना प्रविधि महाशाखा अन्तर्गत सूचना प्रणाली शाखा, सूचना प्रविधि व्यवस्थापन शाखा रहनाका साथै निर्वाचन व्यवस्थापन महाशाखा अन्तर्गत निर्वाचन तथ्यांक, भू-सूचना तथा जोखिम विश्लेषण शाखासमेत क्रियाशील रहेका छन् ।

सन् २०१५ अक्टोबरमा श्रीलंकामा सम्पन्न सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च Forum of Election Management Bodies of South Asia (FEMBoSA) को छैठौं बैठकले समेत निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई जोड दिएको सन्दर्भमा आयोगले सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण एवं व्यवस्थापन गर्ने हरेक निर्वाचनमा प्रविधिको प्रयोगमा विस्तार एवं सुधार गर्दै जानु जरूरी रहेको छ ।

## आयोगको प्रमुख निर्वाचन आयुक्तमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

संवैधानिक परिषद्ले निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्तमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवलाई सिफारिस गरेको छ । डा. यादव २०६३ सालमा निर्वाचन आयुक्तमा नियुक्त भई संविधानसभा सदस्य निर्वाचन, २०६४ सम्पन्न गराउनेलगायतका कार्य गर्नुभएको थियो । अनुभव प्राप्त आयुक्तको रूपमा संविधानसभा सदस्य निर्वाचन, २०७० को पूर्वसन्ध्यामा २०६९ साल चैत्र ११ गते निर्वाचन आयुक्तको पदमा पुनः नियुक्त हुनुभएका उहाँ २०७२ साल भाद्र ११ गतेदेखि आयोगको कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको रूपमा कार्यरत हुनुहुन्छ ।

संवैधानिक परिषद्को सिफारिसलाई संसदीय सुनुवाइ विशेष समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रमुख निर्वाचन आयुक्तको नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## आयोगका पदाधिकारीहरूद्वारा प्रधानमन्त्रीसँग भेटघाट

२०७२ साल पुस २३ गते आयोगका पदाधिकारीहरूद्वारा प्रधानमन्त्रीसँग भेटघाट गरी स्थानीय निकायको निर्वाचनको आवश्यकता र तयारीका सम्बन्धमा छलफल गर्नुभएको थियो ।

भेटघाटका अवसरमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले नयाँ संविधानअनुसार निर्वाचनसँग सम्बन्धित विभिन्न कानुन र राजनीतिक दल व्यवस्थापनका लागि एकीकृत निर्वाचन कानुनको मस्यौदामा समावेश गरिएका विषयहरूबारे जानकारी गराउनुभयो । स्थानीय निकायको निर्वाचनको आन्तरिक तयारी आयोगले गरिरहेकोले सरकारसमक्ष पेश भएको स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन छिटो पारित गरी निर्वाचनको मिति घोषणा गर्न अनुरोध गर्नुभएको थियो । त्यसैगरी उहाँले आयोगले सञ्चालन गरिरहेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम, मतदाता शिक्षा, मतदाता परिचयपत्र, मतदानकेन्द्रको स्तरोन्नति, राजनीतिक दलको आयव्ययको पारदर्शिता र एकरूपताका लागि प्रशिक्षण, आचार संहिता, सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकाय साझा मञ्च (FEMBoSA) ले पारित गरेका विषय आदि बारेसमेत जानकारी गराउनुभएको थियो ।

भेटका अवसरमा निर्वाचन आयुक्त श्री इला शर्माले संविधान संशोधनको क्रममा रहेको सन्दर्भमा निर्वाचनका मिति तोक्ने अधिकार र आयोगको आर्थिक स्वायत्ततासम्बन्धी विषय गम्भीर रहेकोले त्यसतर्फ आवश्यक सुधार गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

निर्वाचनको मितिको निश्चितता भएमा निर्वाचनको पूर्व तयारी राम्रोसँग हुनसक्ने तथा निर्वाचनको गुणात्मक पक्ष बलियो हुने कुरासमेत उहाँले राख्नुभएको थियो ।

आयोगका पदाधिकारीहरूसँगको छलफलमा प्रधानमन्त्री श्री केपी शर्मा ओलीले स्थानीय निकायको निर्वाचन छिटो सम्पन्न गर्नसके भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण तथा विकास निर्माणसँग सम्बन्धित अन्य कार्यमा सघाउ पुग्ने बताउनुभयो । उहाँले स्वच्छ, स्वतन्त्र एवं विश्वसनीय निर्वाचनका लागि मतदाता परिचयपत्रको अनिवार्यतातर्फ आयोगको ध्यानाकर्षण गराउँदै निर्वाचनका लागि आवश्यक कानुनहरूमा गरिनुपर्ने संशोधनलयागतका प्रक्रिया छिटो सम्पन्न गरिने र आयोग स्थानीय निकायको निर्वाचनको आन्तरिक तयारीमा अघि बढ्न आयोगलाई सुझाव दिनुभएको थियो । सो अवसरमा आयोगका निमित्त सचिव श्री मणिराम ओझा र सहसचिव श्री वीरबहादुर राईको समेत उपस्थिति रहेको थियो ।

## मतदाता नामावली सङ्कलन तथा अद्यावधिकसम्बन्धी विशेष कार्यक्रम

आयोगले २०६६ साल चैत्रदेखि २०६७ बैशाखसम्म परीक्षणका रूपमा र २०६७ भाद्रदेखि निरन्तररूपमा फोटोसहितको मतदाता नामावली सङ्कलन तथा दर्ता कार्यक्रम सञ्चालन गरी २०७२ साल पुष मसान्तसम्म सोह्र वर्ष उमेर पुगेका १ करोड ३३ लाख १४ हजार ३१६ जना नेपाली नागरिकहरूको नाम दर्ता भइसकेको छ । सबै नेपाली मतदातालाई मतदाता नामावलीमा समावेश गर्न आयोगले जिल्ला निर्वाचन कार्यालयहरूमा निरन्तर दर्ता, जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयहरूमा दर्ता, घुम्ती दर्ता, लक्षित समुदायमा आधारित दर्तालगायतका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसै सन्दर्भमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम, २०७२ सञ्चालन गर्न लागिएको हो । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम, २०७२ मतदाता दर्ता न्यून रहेका गाउँ विकास समिति तथा नगरपालिका वडामा सञ्चालन गर्न लागिएको छ । यस कार्यक्रमबाट न्यून मतदाता दर्ता भएका गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरूको पहिचान गरी देशभरका ३०२४ स्थानमा मतदाता दर्ता स्थल राखी हालसम्म नाम दर्ता गर्न छुट भएका करिब २ लाख ५० हजार मतदाताको नाम दर्ता गर्ने लक्ष्य राखिएको छ । आयोगले विकेन्द्रित योजना निर्माण कार्यको सुरुवातको रूपमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम तर्जुमासम्बन्धी मापदण्ड तथा मार्गदर्शन पारित गरी सबै जिल्ला निर्वाचन कार्यालयमा पठाएको थियो ।

आयोगबाट स्वीकृत मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम, तर्जुमासम्बन्धी मापदण्ड तथा मार्गदर्शन, २०७२ का मुख्य विषयहरु देहायबमोजिम रहेका छन् :

**कार्यक्रम तर्जुमा सम्बन्धमा :** निर्वाचन आयोगबाट निरन्तर दर्ता तथा घुम्ती दर्ता जस्ता कार्यक्रम तर्जुमा भई जिल्लास्तरबाट कार्यान्वयन भइरहेकोले साविकबमोजिम बाहेकका कार्यक्रम मात्र समावेश गरी आयोगमा प्रस्ताव गर्ने ।

**कार्यक्रम तर्जुमा विधि :** पछिल्लो जनगणनाको आधारमा १६ वर्ष माथिको जनसंख्याको तुलनामा मतदाता नामावलीमा दर्ता हुन बाँकी मतदाता संख्याको अन्तर अत्याधिक भएको गाउँ विकास समिति तथा नगरपालिकाका वडाहरूलाई प्राथमिकता दिई दर्ताको लक्ष्य निर्धारण गर्ने ।

**कार्यक्रम खर्च सीमा :** कार्यक्रमको लागि आवश्यक पर्ने खर्च अनुमान गर्दा आयोगबाट स्वीकृत भई हाल कार्यान्वयनमा रहेको खर्चसम्बन्धी मापदण्डबमोजिम खर्च प्रस्ताव गर्ने । एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा बढीमा रू. ४ लाख, २ देखि ३ वटा सम्म निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. ८ लाख, ४ देखि ५ वटा सम्म निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. १२ लाख र ६ वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. १५ लाखसम्म कार्यक्रम खर्च प्रस्ताव गर्ने । कार्यक्रम अवधि प्रस्ताव गर्दा चालु आर्थिक वर्षको जेठ मसान्तपश्चात् कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव नगर्ने । यस आर्थिक वर्षको लागि प्राप्त कार्यक्रम बजेट विगत वर्षको भन्दा कम भएको कारण विगतमा उपलब्ध गराइँदै आएको दर्तास्थलमा गरिने माइकिङ खर्च प्रस्ताव नगर्ने । मतदाता दर्ता कार्यक्रम प्रस्ताव गर्दा गतवर्ष भएको दर्ता कार्यक्रममा मतदाताको चाप अत्यधिक भई दर्ता गर्न छुट भएको दर्ता केन्द्रलाई प्राथमिकता दिने गरी प्रस्ताव गर्ने । कार्यक्रम सञ्चालन गरिने केन्द्रका सहायक नामदर्ता अधिकारी तथा केन्द्रमा खटिने दर्ता कर्मचारी र निर्वाचन शिक्षा कार्यकर्ताको लागि मात्र तालिम कार्यक्रम सञ्चालन गर्ने र त्यस्तो तालिम कार्यक्रम एक दिनभन्दा बढीको लागि प्रस्ताव नगर्ने । जिल्ला सदरमुकाम रहेको तथा मतदाता दर्ता कार्य सञ्चालन भइरहेको इलाका प्रशासन कार्यालय रहेको गाउँ विकास समिति तथा नगरपालिका वडामा कार्यक्रम प्रस्ताव नगर्ने । त्यस्ता स्थानमा रहेका दर्ता हुन बाँकी मतदाताहरूले नियमितरूपमा वर्षैभरी दर्ता कार्य सञ्चालन भइरहेका जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा गई मतदाता दर्ता गर्ने व्यवस्था मिलाउने । मतदाताको विवरण रूजु गर्ने कार्य जिल्ला निर्वाचन कार्यालयकै नियमित कामको रूपमा लिई कार्यक्रम सम्पन्न हुँदाकै समयमा रूजुसमेत गर्ने । जिल्ला निर्वाचन कार्यालयमा रही वितरण हुन बाँकी परिचयपत्र वितरणको लागि यस कार्यक्रममा दर्ता कार्य सञ्चालन हुने गाउँ विकास समिति तथा नगरपालिका वडामा खटिएका निर्वाचन शिक्षा कार्यकर्तालाई परिचालन गर्ने । स्थानीयस्तरमा मतदाता दर्ता गरिने गाउँ विकास समिति तथा नगरपालिका वडा संख्या निर्धारण गर्ने, दर्तास्थल छनौट गर्ने, दर्ता कार्यदिन निर्धारण गर्ने तथा दर्ता टोली संख्या निर्धारण गर्ने कार्यको लागि क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित जिल्लाको आवश्यकता तथा भौगोलिक अवस्थितिबमोजिम जिल्ला कार्यक्रम व्यवस्थापन समितिमा निर्णय गराई प्रस्ताव गर्ने ।

**प्रशासनिक खर्च सीमा :** जिल्ला कार्यक्रम व्यवस्थापन समितिको वैठक खर्च, अनुसूची फाराम छपाई, कार्यालय सञ्चालन, पानी, विजुली, सञ्चार महशुल, मर्मत (ल्यापटप, स्क्यानर, वेभ क्यामरा तथा सवारी साधन), फुटकर ढुवानी, सवारी इन्धन तथा विविध खर्च शीर्षकहरूका लागि खर्च अनुमान गर्दा एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा बढीमा रू. ७०,०००।- हजार, २ देखि ३ वटासम्म निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. ८०,०००।- ४ देखि ५ वटासम्म निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. ९०,०००।- र ६ वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा बढीमा रू. १,००,०००।- सम्म प्रशासनिक खर्च प्रस्ताव गर्ने । यस्तो प्रशासनिक खर्च सम्बन्धित जिल्लाको कुल बजेटभित्र समावेश हुनेगरी खर्च प्रस्ताव गर्ने ।

**मतदाता शिक्षासम्बन्धी कार्यक्रम :** सामाजिक अध्ययन शिक्षकहरूका लागि निर्वाचनसम्बन्धी प्रशिक्षण यस आर्थिक वर्षमा जम्मा २० जिल्लामा सञ्चालन गरिनेछ । मुस्ताङ, जुम्ला, रसुवा, सोलुखुम्बु र बाँके गरी जम्मा ५ जिल्लामा केन्द्रबाट कार्यक्रम सञ्चालन गर्ने । ताप्लेजुङ, तेह्रथुम, ओखलढुङ्गा, पर्वत, अर्घाखाँची, रोल्पा, अछाम, डडेलधुरा, स्याङ्जा, सिन्धुपाल्चोक, बर्दिया, बारा, धनुषा, सिराहा र मोरङ गरी जम्मा १५ जिल्लाले निर्वाचन शिक्षा तथा सूचना केन्द्रसँग प्रत्यक्ष समन्वयमा रही निर्देशानुसार कार्यक्रम सञ्चालन गर्ने ।

२०७२ साल असार मसान्तसम्म मतदाता नामावलीमा नाम दर्ता भएका नेपाली नागरिकहरूको जिल्लागत दर्ता संख्या देहायबमोजिम रहेको छ :

| क्र सं. | जिल्ला | दर्ता संख्या | क्र सं. | जिल्ला | दर्ता संख्या | क्र सं. | जिल्ला | दर्ता संख्या | क्र सं. | जिल्ला | दर्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ताप्लेजुङ | ६६,०६० | २०. | धनुषा | ३,६९,८९५ | ३९. | कास्की | २,१९,१०७ | ५८. | मुगु | २६,०६३ |
| २. | पाँचथर | १,०८,०९२ | २१. | महोत्तरी | २,९२,८३० | ४०. | तनहूँ | १,७७,८५८ | ५९. | जुम्ला | ५२,५७४ |
| ३. | इलाम | १,८१,२५६ | २२. | सर्लाही | ३,४५,९९९ | ४१. | स्याङ्जा | १,८१,७८१ | ६०. | कालीकोट | ५९,२५८ |
| ४. | झापा | ४,८५,३०९ | २३. | रसुवा | २६,४५० | ४२. | गुल्मी | १,७३,६४८ | ६१. | हुम्ला | २३,९२५ |
| ५. | संखुवासभा | ९०,४२४ | २४. | धादिङ | १,८९,७५५ | ४३. | पाल्पा | १,५६,२२७ | ६२. | जाजरकोट | ७५,४२७ |
| ६. | तेह्रथुम | ५९,७६९ | २५. | नुवाकोट | १,७६,३०३ | ४४. | अर्घाखाँची | १,२१,७८९ | ६३. | दैलेख | १,२७,३८४ |
| ७. | भोजपुर | ९९,९०१ | २६. | काठमाडौं | ५,४३,६८९ | ४५. | नवलपरासी | ३,५०,४१२ | ६४. | सुर्खेत | १,७१,५८३ |
| ८. | धनकुटा | ९२,०९८ | २७. | भक्तपुर | १,५७,९०६ | ४६. | रूपन्देही | ४,४२,५८५ | ६५. | बाँके | २,३०,५८७ |
| ९. | मोरङ | ५,१८,५६९ | २८. | ललितपुर | २,०८,८७२ | ४७. | कपिलवस्तु | २,६५,८४४ | ६६. | बर्दिया | २,४१,०२८ |
| १०. | सुनसरी | ४,०४,९५६ | २९. | काभ्रेपलाञ्चोक | २,२३,१५२ | ४८. | मुस्ताङ | ७,९२१ | ६७. | बाजुरा | ६३,६६१ |
| ११. | सोलुखुम्बु | ५८,२६९ | ३०. | सिन्धुपाल्चोक | १,८०,४८६ | ४९. | म्याग्दी | ६५,७१८ | ६८. | अछाम | १,२४,५२३ |
| १२. | खोटाङ | १,१०,४२३ | ३१. | मकवानपुर | २,१८,७०७ | ५०. | बागलुङ | १,४३,८५१ | ६९. | बझाङ | ८९,४०१ |
| १३. | ओखलढुङ्गा | ८८,६५८ | ३२. | रौतहट | ३,०८,२८१ | ५१. | पर्वत | ९१,४१५ | ७०. | डोटी | ९७,७८७ |
| १४. | उदयपुर | १,६४,६७७ | ३३. | बारा | ३,१८,३८५ | ५२. | रूकुम | ९८,०२२ | ७१. | कैलाली | ३,८१,४०५ |
| १५. | सप्तरी | ३,१६,२४९ | ३४. | पर्सा | २,७०,५८५ | ५३. | रोल्पा | १,१०,१४७ | ७२. | दार्चुला | ७०,१११ |
| १६. | सिराहा | २,९९,८६५ | ३५. | चितवन | २,९८,०२३ | ५४. | प्युठान | १,२१,३८७ | ७३. | बैतडी | १,१९,४४९ |
| १७. | दोलखा | १,२९,१४१ | ३६. | गोरखा | १,५७,६३६ | ५५. | सल्यान | १,१९,९५२ | ७४. | डडेल्धुरा | ६९,८०१ |
| १८. | रामेछाप | १,२५,२३७ | ३७. | मनाङ | ५,०२९ | ५६. | दाङ | २,६८,८३५ | ७५. | कञ्चनपुर | २,०६,३२६ |
| १९. | सिन्धुली | १,६१,०७४ | ३८. | लमजुङ | १,००,३२८ | ५७. | डोल्पा | १६,१८६ | | **जम्मा** | १,३३,१५,३१६ |

## सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च (FEMBoSA) को छैठौं बैठकमा आयोगको सहभागिता

सन् २०१५ अक्टोबर १ र २ मा श्रीलंकामा भएको सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च Forum of Election Management Bodies of South Asia (FEMBoSA) को छैठौं बैठकमा निर्वाचन आयोगका तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, उपसचिव श्री सूर्यप्रसाद अर्याल र शाखा अधिकृत श्री युवराज गुरागाईं सहभागी हुनुभएको थियो । यस बैठकमा अफगानिस्तान, बंगलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंकाका प्रमुख निर्वाचन आयुक्त तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

यस बैठकको मुख्य विषय "Autonomy and Independence of the Election Management Bodies" रहेको थियो भने सोही विषय र त्यससम्बन्धी मुद्दाहरू जस्तै मतदाता शिक्षा, प्रविधि, समावेशी निर्वाचन व्यवस्थापन, निर्वाचनमा मिडिया र युवा परिचालन, रणनीतिक योजना आदि विषयमा छलफल, बहस तथा प्रस्तुतीकरण गरिएको थियो । 'श्रीलंका घोषणापत्र' जारी गर्दै अक्टुबर २ तारिखमा यस बैठकको समापन गरिएको थियो । नेपालमा सन् २०१४ मा सम्पन्न पाँचौं बैठकबाट नेपाल अध्यक्ष भई कार्य गर्दै आइरहेकोमा छैठौं बैठकबाट श्रीलंका एकवर्षका लागि अध्यक्ष भएको छ ।




सार्कस्तरीय निर्वाचन व्यवस्थापन निकायको साझा मञ्च (FEMBoSA) को छैठौं बैठकको उद्घाटन समारोहलाई सम्बोधन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

# लैङ्गिकता र समावेशितासम्बन्धी तालिम, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

**आयोगका कर्मचारीलाई लैङ्गिकता र समावेशितासम्बन्धी अभिमुखीकरण**

आयोगको लैंगिक तथा समावेशी नीति तथा रणनीतिबारे जानकारी गराउने तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा लैंगिक एवं समावेशीमैत्री सञ्चारसम्बन्धी सचेतना गराउने उद्देश्यले २०७२ साल कार्तिक १९ र २३ गते दुईवटा समूहमा आयोगका कर्मचारीहरूलाई आयोगको लैंगिक तथा समावेशी नीति तथा रणनीति, कार्यस्थलमा हुने यौनजन्य दुवर्यवहार तथा लैंगिक एवं समावेशीमैत्री सञ्चारसम्बन्धी अभिमुखीकरण कार्यक्रम  सम्पन्न भएको छ । कार्यक्रममा आयोगका १३ जना महिला तथा ४० जना पुरूष गरी जम्मा ५३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । सो कार्यक्रममा आयोगको लैंगिक तथा समावेशी नीति, २०७० तथा सोको रणनीति २०७२, लैंगिक तथा समावेशी अवधारणा र कार्यस्थलमा हुने यौनजन्य दुवर्यवहार तथा लैंगिक एवं समावेशीमैत्री सञ्चार समेटिएको थियो । IFES Nepal को सहयोग रहेको उक्त कार्यक्रममा सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिव श्री सुशील कोइराला र उपसचिव श्री लक्ष्मीदेवी होमागाईले सहजीकरण गर्नुभएको थियो ।

**राजनीति तथा निर्वाचन प्रक्रियामा महिला सहभागिता तथा निर्वाचनमा महिला हिंसासम्बन्धी अन्तरक्रिया**

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान अन्तर्गत आयोगको मिडिया सेन्टरमा २०७२ साल मंसिर १४ गते निर्वाचन तथा राजनीतिमा महिला सहभागिता एवं निर्वाचन प्रक्रियामा हुने लैङ्गिक हिंसा विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका महिला विभाग हेर्ने सदस्य, निर्वाचन पर्यवेक्षण संस्था, अपाङ्गता भएका व्यक्ति, महिला, आदिवासी जनजाति, मुस्लिम समुदाय, दलित समुदाय र पिछडिएको तथा अल्पसंख्यकसँग सम्बन्धित संस्थाका पदाधिकारी प्रतिनिधिहरू, अन्तरपार्टी महिला सञ्जालका सदस्यहरू, सञ्चारकर्मीहरू तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका प्रतिनिधिसहित २३ जना महिला तथा ७ जना पुरूष गरी जम्मा ३१ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको अध्यक्षता आयोगका निर्वाचन आयुक्त श्री इला शर्माले गर्नुभएको थियो । आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा आयोगका सहसचिव श्री वीरबहादुर राई र सहसचिव सूर्यप्रसाद शर्माले क्रमशः निर्वाचन तथा राजनीतिमा महिला सहभागिता र निर्वाचन प्रक्रियामा हुने लैङ्गिक हिंसा विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले निर्वाचनमा महिला सहभागिताको अभिवृद्धि तथा सुनिश्चितता एवं निर्वाचन प्रक्रियामा महिला हिंसा न्यूनीकरणमा आयोगले गरेका प्रयासहरूको प्रशंसा गर्दै आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायबारे सुझाव दिनुभएको थियो । उक्त कार्यक्रममा IFES Nepal को सहयोग रहेको थियो ।




राजनीति तथा निर्वाचन प्रक्रियामा महिला सहभागिता तथा निर्वाचनमा महिला हिंसा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको उद्घाटन सत्रमा निर्वाचन आयुक्त श्री इला शर्मा (दायाँबाट दोस्रो) साथमा आयोगका सहसचिवहरू समेत

**निर्वाचनमा लैङ्गिक तथा समावेशिकरणसम्बन्धी ब्रिज प्रशिक्षण**

निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति तथा अपाङ्गता भएका नागरिकहरूको सहभागिता बढाउने उद्देश्यले काभ्रेपलाञ्चोकको धुलिखेलमा मंसिर २१ देखि २२ सम्म तथा कास्कीको पोखरामा २२ देखि २४ सम्म निर्वाचनमा लैङ्गिक तथा समावेशिकरणसम्बन्धी ब्रिज प्रशिक्षण सम्पन्न गरेको छ । धुलिखेलमा सञ्चालित कार्यक्रममा नुवाकोट, ललितपुर, काठमाण्डौं र भक्तपुर तथा पोखरामा सञ्चालित प्रशिक्षणमा स्याङ्जा, तनहुँ, पर्वत र गोरखा जिल्लाका महिला, दलित, आदिवासी जनजाती तथा अपाङ्गता भएका नागरिकलगायत जिल्ला गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । धुलिखेलमा सञ्चालित कार्यक्रममा १५ जना महिला र ११ जना पुरूष गरी जम्मा २५ जना र पोखरामा सञ्चालित कार्यक्रममा ११ जना महिला र १३ जना पुरूष गरी जम्मा २३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा आयोग तथा साझेदार संस्थाका ब्रिज सहजकर्ताहरूबाट निर्वाचन, समावेशिता तथा आयोगको लैङ्गिक तथा समावेशीकरण नीतिको बारेमा प्रशिक्षण दिइएको थियो । धुलिखेलमा सम्पन्न कार्यक्रममा सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिव श्री देशबन्धु अधिकारी, उपसचिव श्री लक्ष्मीदेवी होमागाई र शाखा अधिकृत श्री युवराज गुरागाईले सहजीकरण गर्नुभएको थियो भने पोखरामा सम्पन्न कार्यक्रममा उपसचिव श्री एकनारायण शर्मा र वरिष्ठ कम्प्युटर अधिकृत श्री रामगोविन्द अर्याल, शाखा अधिकृत श्री हेमराज अर्याल र शाखा अधिकृत श्री नम्रता चुडालले सहजीकरण गर्नुभएको थियो । यस तालिम कार्यक्रममा UNDP/ESP को सहयोग रहेको थियो ।

**सीमान्तकृत महिलाहरूको निर्वाचनमा सहभागिता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण**

निर्वाचन प्रक्रियामा एकल, सीमान्तकृत तथा पिछडिएका एवं अपाङ्गता भएका महिलाहरूको सहभागिता बढाउने उद्देश्यले मंसिर १६ गते भक्तपुरमा एकल, सीमान्तकृत तथा पिछडिएका एवं अपाङ्गता भएका महिलाहरूको निर्वाचन प्रक्रियामा सहभागिता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण सम्पन्न गरिएको छ । सो कार्यक्रममा भक्तपुर जिल्लाका एकल, सीमान्तीकृत आदिवासी जनजाति, दलित तथा अपाङ्गता भएका महिलाको क्षेत्रमा कार्यरत संघसंस्थाका जम्मा ३५ जना तथा महिला बालबालिका कार्यालय र जिल्ला प्रहरी कार्यालयका २ जना गरी जम्मा ३७ जना महिलाहरूको सहभागिता रहेको थियो । कार्यक्रमको शुभारम्भ आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले गर्नुभएको थियो ।




सीमान्तकृत महिलाहरूको निर्वाचनमा सहभागिता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै सचिव श्री शारदाप्रसाद त्रिताल

शुभारम्भ कार्यक्रममा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, सुरक्षा निकायका प्रमुखहरूलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपालको संविधानमा निर्वाचन तथा समावेशितासम्बन्धी प्रावधान, लैङ्गिक तथा समावेशीकरण नीति तथा सोको रणनीति, लोकतन्त्र, निर्वाचन र निर्वाचन प्रक्रिया, निर्वाचन र राजनीतिक प्रक्रियामा सीमान्तीकृत महिलाहरूको सहभागिता सम्बन्धमा देखिएका समस्या, चुनौति तथा समाधानका उपायहरू तथा सहभागिता अभिवृद्धिमा सीमान्तीकृत महिलाहरूको भूमिकाबारेमा अभिमुखीकरण दिइएको थियो । IFES Nepal को सहयोग रहेको उक्त कार्यक्रममा सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिव श्री लक्ष्मीदेवी होमागाई, शाखा अधिकृत डा. चक्र पाणि आचार्यसमेतले सहजीकरण गर्नुभएको थियो ।

**लैङ्गिकता, निर्वाचन तथा राजनीतिमा महिला सहभागिता तथा निर्वाचनमा महिला हिंसा विषयक अभिमुखीकरण**

आयोगले लैङ्गिकता, निर्वाचन तथा राजनीतिमा महिला सहभागिता तथा निर्वाचनमा महिला हिंसा विषयक एकदिने अभिमुखीकरण कार्यक्रम मंसिर २३ गते धुलिखेल र २५ गते पोखरामा सम्पन्न गरेको छ । व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका जिल्लास्थित प्रमुख र प्रतिनिधि, अपाङ्गता, दलित, आदिबासी जनजाति तथा महिला अधिकारका क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरूको सहभागितामा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । धुलिखेलमा सञ्चालित कार्यक्रमको उद्घाटन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र पोखरामा निर्वाचन आयुक्त इला शर्माले गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, सुरक्षा निकायका प्रमुखहरूलगायत महिला विकास अधिकृतको उपस्थिति रहेको थियो । आयोगले कार्यान्वयन गरिरहेको लैङ्गिक तथा समावेशीकरण नीतिले महिलालगायत पछाडि परेका र पारिएका समुदायहरूको निर्वाचनमा सहभागिता वृद्धि गर्न गरिरहेका प्रयास र आगामी दिनमा गर्ने कार्यहरूका बारेमा जानकारी गराइएको थियो । धुलिखेलमा सम्पन्न कार्यक्रममा सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिव श्री देशबन्धु अधिकारी र उपसचिव श्री लक्ष्मीदेवी होमागाईले सहजीकरण गर्नुभएको थियो भने पोखरामा सम्पन्न कार्यक्रममा सहसचिव श्री वीरबहादुर राई, उपसचिव श्री एकनारायण शर्मा र शाखा अधिकृत श्री नम्रता चुडालले सहजीकरण गर्नुभएको थियो । यस अभिमुखीकरण कार्यक्रममा UNDP/ESP को सहयोग रहेको थियो ।

**नयाँ लैङ्गिक तथा समावेशी कार्ययोजना तर्जुमा कार्यशाला**

आयोगको लैङ्गिक तथा समावेशीकरण नीति, २०७० र सोको रणनीति, २०७२ को कार्यान्वयन गर्न तयार पारिएको लैङ्गिक तथा समावेशी कार्ययोजनाको अवधि सन् २०१५ डिसेम्बर ३१ मा सकिन लागेको हुँदा नयाँ लैङ्गिक तथा समावेशी कार्ययोजना (२०७२/७३ २०७४/७५) को तर्जुमा कार्यशाला २०७२ साल मंसीर २९ गते नगरकोटमा सम्पन्न भयो । निर्वाचन आयुक्त श्री इला शर्मा, सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री वीरबहादुर राई र सहसचिव श्री वासुदेव गुरागाईंको उपस्थितिमा सम्पन्न कार्यशालामा आयोगका शाखा प्रमुख तथा शाखा अधिकृतहरूको सहभागिता रहेको थियो । सो कार्यशालामा ४ वटा समूहमा छलफल गरी कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको छ ।



नयाँ लैङ्गिक तथा समावेशी कार्ययोजना तर्जुमा कार्यशालामा निर्वाचन आयुक्त श्री इला शर्मा, आयोगका अधिकृत तथा कर्मचारीहरू

## चितवन र पाल्पामा ब्रिज कार्यशाला सम्पन्न

निर्वाचन आयोगद्धारा चितवनको भरतपुरमा 'निर्वाचन प्रक्रियामा पहुँच' विषयक र पाल्पाको तानसेनमा 'निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशिता' विषयक ब्रिज कार्यशाला सम्पन्न गरिएको छ । भरतपुरमा २०७२ साल पुस ६ देखि ८ गतेसम्म र तानसेनमा पुस १३ देखि १५ गतेसम्म कार्यशाला सञ्चालन गरिएको थियो ।

भरतपुरमा आयोजित कार्यक्रमको उदघाटन गर्नुहुँदै आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले आयोगले पारित गरी कार्यान्वयनमा ल्याएको 'लैङ्गिक तथा समावेशीकरण नीति, २०७०' बमोजिम सरोकारवालाहरूको क्षमता अभिवृद्धि एवम् आयोगका प्रयासबारे जानकारी दिने उद्देश्यले यस्ता कार्यक्रमहरु आयोजना गर्दैदै आएको बताउनुभयो । उक्त कार्यक्रमको समापन गर्दै आयोगका निर्वाचन आयुक्त इला शर्माले निर्वाचनका सबै प्रक्रियामा सबैको पहुँच अभिवृद्धिका लागि ठोस कार्यक्रमका साथ आयोग अघि बढिरहेको जानकारी दिनुभयो । उक्त कार्यशालामा १२ पुरूष तथा १३ गरी २५ जनाको सहभागिता थियो जसमध्ये ५ जना अपाङ्गता भएका व्यक्तिहरु सहभागी हुनुहुन्थ्यो । त्यस्तै सचिव श्री शारदाप्रसाद त्रिताल, उपसचिव श्री चन्द्रबहादुर सिवाकोटी र उपसचिव श्री सूर्यप्रसाद अर्यालले सहजीकरण गर्नुभएको थियो ।

त्यसैगरी, पाल्पामा आयोजित कार्यशालाको उद्घाटन आयोग सहसचिव श्री वीरबहादुर राईले गर्नुभयो । सो अवसरमा उहाँले आयोगको 'लैङ्गिक तथा समावेशीकरण नीति, २०७०' को कार्यान्वयनमा आयोग क्रियाशील रहेको जानकारी दिनुहँदै कार्यशालाबाट प्राप्त ज्ञान र सीपलाई सहभागीहरूले गाउँस्तरसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नुहुने अपेक्षा राख्नुभयो । उक्त कार्यशालामा ९ महिलासहित २४ जनाको सहभागिता थियो भने सहसचिव श्री वीरबहादुर राई, उपसचिव श्री बाबुराम श्रेष्ठ, उपसचिव श्री सूर्यप्रसाद अर्याल र जिल्ला निर्वाचन अधिकारी श्री गंगालाल सुवेदीले सहजीकरण गर्नुभएको थियो ।

भरतपुरमा सम्पन्न ब्रिज कार्यशालामा आइएफइएस नेपालको सहयोग रहेको थियो भने तानसेनमा सम्पन्न ब्रिज कार्यशालामा युएनडिपी इएसपीको सहयोग रहेको थियो ।



निर्वाचन प्रक्रियामा पहुँच विषयक कार्यशालामा सहजकर्ता तथा सहभागीहरू


निर्वाचन प्रक्रियामा लैगिक तथा समावेशिता विषयक कार्यशालामा नमूना मतदान गर्दै सहभागीहरू

## वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी अभिमुखीकरण

आर्थिक वर्ष २०७२/७३ को स्वीकृत कार्यक्रमअनुसार निर्वाचन आयोग र मातहतका जिल्ला निर्वाचन कार्यालयहरूमा कार्यरत लेखापालहरूको लागि वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी दुईदिने अभिमुखीकरण काभ्रेपलाञ्चोकको धुलिखेल र रूपन्देहीको बुटबलमा सम्पन्न भएको छ ।

'सार्वजनिक खरिदलगायत आर्थिक प्रशासन प्रभावकारी बनाउने, बेरूजु न्यूनीकरण गर्ने एवं अन्ततः सुशासनलाई प्रर्वधन गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको उक्त अभिमुखीकरण कार्यक्रमको धुलिखेलमा उद्घाटन गर्दै आयोगका सचिव श्री शारदा प्रसाद त्रितालले हरेकवर्ष एकव्यक्ति एकतालिमको नीतिअनुरूप क्षमता अभिवृद्धि गरिने बताउँदै सम्पादन गर्दै आइएको कामको उचिततवरले समीक्षा गरी वित्तीय अनुशासन कायम गर्नुपर्ने धारणा राख्नुभएको थियो । युएनडिपी इएसपी को सहयोगमा सञ्चालित यस कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापन, अख्तियारी, कार्यक्रम र खर्च गर्ने निर्देशन, जिन्सी निरीक्षण, लिलाम र कागज धुल्याउने, राजश्व, धरौटी र कर प्रणाली, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा वित्तीय व्यवस्थापनका समस्या तथा लेखा परीक्षण र बेरूजुसम्बन्धी विषयमा सत्र सञ्चालन गरिएको थियो ।

धुलिखेल र बुटबलमा सम्पन्न वित्तीय तथा खरिद व्यवस्थापनसम्बन्धी दुईदिने अभिमुखीकरणसम्बन्धी सङ्क्षिप्त विवरण देहायअनुसार रहेको छ :

| कार्यक्रम सम्पन्न स्थान | कार्यक्रम सम्पन्न मिति | सहभागी जिल्लाहरु | सहभागी सङ्ख्या | स्रोत व्यक्तिहरु |
|---|---|---|---|---|
| धुलिखेल, काभ्रेपलाञ्चोक | २०७२/८/१७ र १८ गते | चितवन, मकवानपुर, पर्सा, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, बारा र दोलखा | २४ जना | सहसचिव श्री वीरबहादुर राई, उपसचिव श्री बाबुराम श्रेष्ठ, उपसचिव श्री एकनारायण शर्मा, लेखा अधिकृत श्री टुकनाथ अधिकारी |
| बुटबल, रूपन्देही | २०७२/९/१० र ११ गते | कास्की, लमजुङ, गोरखा, मनाङ, स्याङ्जा, रूपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा, गुल्मी, पर्वत, म्याग्दी, मुस्ताङ, बागलुङ, दाङ, रूकुम, सल्यान, प्युठान, रोल्पा र बाँके | २३ जना | सहसचिव श्री वीरबहादुर राई, उपसचिव श्री बाबुराम श्रेष्ठ, लेखा अधिकृत श्री टुकनाथ अधिकारी र लेखा अधिकृत श्री पूर्णबहादुर ओली |

## राजनीतिक दलको आय-व्ययको विवरणको लेखापरीक्षण तथा निर्वाचन खर्चसम्बन्धी प्रशिक्षण

आयोगमा दर्ता रहेका १७९ राजनीतिक दलहरूका लागि राजनीतिक दलको आय-व्ययको विवरणको लेखापरीक्षण तथा निर्वाचन खर्चसम्बन्धी एकदिवसीय प्रशिक्षण कार्यक्रम २०७२ पुस १९ देखि २४ गतेसम्म समूहगतरूपमा सम्पन्न गरियो ।

प्रशिक्षण कार्यक्रममा राजनीतिक दलहरूले निर्वाचन आयोगमा पेश गर्नुपर्ने वार्षिक आय-व्ययको विवरणको लेखापरीक्षण तथा निर्वाचन खर्चसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुति, आपसी छलफल र अन्तर्क्रिया गरिएको छ । राजनीतिक दलहरूले हरेक वर्ष पुस मसान्तभित्र आयोगमा आय-व्ययको विवरण बुझाउनुपर्ने कानुनी व्यवस्थालाई दृष्टिगत गरी सञ्चालन गरिएको यो प्रशिक्षणबाट राजनीतिक दलहरूलाई आय-व्यय विवरण राख्ने र त्यसको लेखापरीक्षण गराउने तथा निर्वाचन खर्च व्यवस्थापनमा सहजीकरण हुने अपेक्षा आयोगले राखेको छ ।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले धेरै राजनीतिक दलले अझै पनि आय-व्ययको विवरण नबुझाएकाले यही पुस मसान्तभित्र विवरण बुझाउन सम्बद्ध दलहरूलाई आग्रह गर्नुभयो । साथै, यस किसिमको प्रशिक्षण कार्यक्रमले राजनीतिक दल र आयोगलाई हुने सहजताका विषयमा पनि उहाँले प्रकाश पार्नुभएको थियो । त्यसैगरी निर्वाचन आयुक्त श्री इला शर्माले राजनीति सुशासनका लागि हुनुपर्ने, निर्वाचन प्रक्रिया एवं लोकतान्त्रिक पद्दतिमा जनविश्वास बढाउनुपर्ने बताउँदै लोकतन्त्रको सुदृढीकरणका लागि राजनीतिक दलहरूको हरेक क्रियाकलाप पारदर्शी हुनुपर्ने धारणा राख्नुभयो । शुभारम्भ कार्यक्रममा आयोगका सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री मणिराम ओझा, सहसविच श्री वीरबहादुर राई, सहसचिव श्री सूर्यप्रसाद शर्मा, सहचिव श्री वासुदेव गुरागाईंलगायत अन्य अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## सामाजिक अध्ययन विषयक शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण

२०७२ साल मंसिर १३ र १४ गते आयोगमा बीसौँ र एक्काइसौँ श्रृङ्खलाको रूपमा सामाजिक अध्ययन विषयक शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । यस प्रशिक्षण कार्यक्रममा ८ वटा सामुदायिक विद्यालय र १९ वटा निजी विद्यालय गरी जम्मा २७ विद्यालयका १० जना महिला र २० जना पुरूष गरी जम्मा ३० जना शिक्षकहरूको सहभागिता रहेको थियो । यस प्रशिक्षणमा लोकतन्त्र, संविधान, निर्वाचन र निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार, निर्वाचन प्रणाली, निर्वाचन चक्र, निर्वाचन प्रक्रिया, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन सम्वद्ध कानुनहरू र निर्वाचनका सरोकारवालाहरू तथा निर्वाचन प्रक्रियामा शिक्षकहरूको भूमिका जस्ता विषयहरूमा छलफल भएको थियो ।

कार्यक्रमको शुभारम्भ सत्रमा आयोगका सचिव श्री शारदाप्रसाद त्रितालले यस कार्यक्रमपश्चात् सहभागीहरूले आफ्नो विद्यालयमा सामाजिक शिक्षा अध्यापन गर्दा निर्वाचनका विषयमा तथ्यपरक र वस्तुनिष्ठ जानकारी प्रदान गर्नेमा आफू विश्वस्त रहेको धारणा राख्नुभएको थियो भने सहसचिव श्री वीरबहादुर राईले प्रशिक्षण कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै निर्वाचन प्रक्रियामा योग्य मतदाताहरूको अधिकाधिक सहभागिता हुन सकोस् भन्ने शुभेक्षा राख्नुभएको थियो । यस प्रशिक्षणमा सचिव श्री शारदाप्रसाद त्रिताल, सहसचिव श्री सूर्यप्रसाद शर्मा, उपसचिव श्री सूर्यप्रसाद अर्याल र शाखा अधिकृत श्री हेमराज अर्यालले सहजीकरण गर्नुभएको थियो ।

# आयोगका निर्णयहरू

वि.सं. २०७२ साल कार्तिकदेखि २०७२ पुस मसान्तसम्म आयोगको बैठकबाट विभिन्न विषयमा महत्वपूर्ण निर्णयहरु भएका छन् । तीमध्ये केही उल्लेख्य विषयहरु देहायबमोजिम रहेका छन् :

| सि. नं. | निर्णय मिति | विषयहरू |
|---|---|---|
| १. | २०७२/७/१९ | नेपालको निर्वाचन इतिहास नामक पुस्तकमा समावेश गरिने विषय सामग्रीको सङ्कलन र लेखनका लागि आयोगले उपलब्ध गराउने पुस्तकको प्रस्तावित खाका, विषय सामग्रीको संक्षिप्त विवरण र मार्गदर्शन स्वीकृत गर्ने, नेपालको निर्वाचन इतिहास नामक पुस्तक लेखनका लागि छनौट गरिएका लेखक क्रमशः प्रा.डा. शङ्कर थापा, डा. चन्द्रकान्त ज्ञवाली, डा. विपिन अधिकारी, श्री गोविन्द गौतम, प्रा.डा. मीना वैद्य मल्ल, प्रा. गेहेन्द्रलाल मल्ल, श्री दीपक अर्याल, श्री शकुन्तला न्यौपाने र श्री श्याम यादवलाई तोकिएको परिच्छेद एवं विषय र पारिश्रमिक स्वीकृत गर्ने तथा पुस्तकको सम्पादक मण्डलको कार्यअवधि २०७२ साल फागुन मसान्तसम्मका लागि थप गर्ने । |
| २. | २०७२/७/२० | विभिन्न जिल्लामा नयाँ नगरपालिकाको गठन भएको, साविकका नगरपालिकाको क्षेत्र विस्तार तथा उपमहानगरपालिकाको गठन भएको, २०७२ बैशाख १२ गतेको भूकम्पबाट बढी प्रभावित जिल्लाका कतिपय स्थानका बस्ती नै स्थानान्तरणसमेत भएका तथा विगत केही वर्षदेखि ग्रामीण भेकका मानिसहरु सडक, विद्युत जस्ता पूर्वाधार पुगेका नजिकका बजार र सडकछेउ बसाइसराइ गर्ने प्रवृत्तिमा आएको तिव्रतासमेतका कारण मतदाताको वितरण स्थितिमा परिवर्तन आएकोले साविकमा भैँ सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरमा मतदान केन्द्र सिफारिस समिति गठन गरी उक्त समितिको सिफारिसमा मतदान केन्द्र निर्धारण गर्न मतदानकेन्द्र पुनरावलोकनसम्बन्धी आधार र मापदण्ड, २०७२ स्वीकृत गर्ने । |
| ३. | २०७२/८/७ | आयोगमा कार्यरत कर्मचारीको मनोबल वृद्धिका साथै निर्वाचनमा लैङ्गिक तथा समावेशीकरणसम्बन्धी भएका असल अभ्यासहरू (Good Practies) सिकाइ, अनुभवहरू एकआपसमा आदान प्रदानमार्फत् क्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले लैङ्गिक तथा समावेशी मूलप्रवाहीकरणको अध्ययनसम्बन्धी अध्ययन भ्रमण (Exposure Visit) को लागि तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने । |
| ४. | २०७२/८/२७ | नेपालमा South Asian Institute for Democracy and Electoral Studies (SAIDES) स्थापनाका लागि आवश्यक पर्ने कार्यविधि तयार गर्ने र SAIDES सञ्चालनका लागि आवश्यक मानवीय, व्यवस्थापकीय, आर्थिक तथा भौतिक पूर्वाधारको पहिचान गर्न आयोगको मिति २०७२।५।९ को निर्णयानुसार स्वीकृत (SAIDES)सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अवधारणापत्रमा समसामयिक संशोधन गर्नुपर्ने तथा परामर्श समितिको म्यादसमेत थप गर्नुपर्ने भएकोले संशोधित अवधारणापत्र स्वीकृत गर्ने र मिति २०७२।५।९ मा स्वीकृत अवधारणापत्र अनुसार गठित परामर्श समितिको म्याद समाप्त भएको मितिले ९० दिन थप गर्ने । |
| ५. | २०७२/८/२७ | निर्वाचन दिवस मनाउनेसम्बन्धी अवधारणापत्र, २०७२ स्वीकृत गरी निर्वाचन दिवस मनाउने । |
| ६. | २०७२/९/७ | निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ बमोजिम आयोगले सम्पादन गरेका कार्यको विवरण वार्षिक प्रतिवेदनको रूपमा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्थाबमोजिम आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन स्वीकृत गरी छपाई तथा वितरण गर्ने । |
| ७. | २०७२/९/७ | वर्तमान संविधानको व्यवस्थाअनुरूप स्थानीय निकायको निर्वाचन गर्ने सम्बन्धमा स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ सहित "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७२" को मस्यौदा आयोगबाट स्वीकृत गरी नेपाल सरकार समक्ष पेश गर्ने । |
| ८. | २०७२/९/२३ | कास्कीको पोखरा र कैलालीको धनगढीमा एकएक वटा गोदाम घर निर्माण गर्न विकास साझेदार संस्था UNDP/ESP लाई अनुरोध गर्ने । गोदाम घर निर्माणको लागि आवश्यक पर्ने ड्रइङ, डिजाइन, लागत अनुमानलगायतका निर्माणपूर्व सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्यहरु विकास साझेदार संस्था UNDP/ESP ले तयार गरी स्वीकृतीको लागि आयोगमा पेश गर्ने । निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित क्षेत्रीय निर्वाचन कार्यालयलाई गोदाम घर हस्तान्तरण गर्ने । |

## वैदेशिक भ्रमण

निर्वाचन व्यवस्थापन सम्बन्धमा वैदेशिक अनुभव आदानप्रदान गर्न समयसमयमा आयोगका तर्फबाट आयोगका पदाधिकारी, कर्मचारीहरूसमेतबाट वैदेशिक अध्ययन भ्रमण हुने गर्दछ । सम्बत् २०७२ साल कार्तिकदेखि पुससम्म भएका वैदेशिक अध्ययन अवलोकन भ्रमणको विवरण देहायबमोजिम रहेको छ :

| सि.नं. | भ्रमण गर्ने पदाधिकारी र कर्मचारीको नाम | भ्रमणको उद्देश्य | मुलुक | भ्रमण अवधि |
|---|---|---|---|---|
| १. | कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र उपसचिव श्री विशकसेन ढकाल | Election Risk Management Conference मा सहभागी हुने । | इथियोपिया | १-३ डिसेम्बर, २०१५ |
| २. | कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव | The Use of Money in Politics and Effects on People's Representation विषयक Conference मा सहभागी हुने । | भारत | १५-१६ डिसेम्बर, २०१५ |
| ३. | कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, उपसचिव श्री देशबन्धु अधिकारी र जिल्ला निर्वाचन अधिकारी, पर्वत श्री लक्ष्मु शर्मा | निर्वाचन आयोग, पाकिस्तानको अध्ययन भ्रमण गर्ने । | पाकिस्तान | २५-३१ डिसेम्बर, २०१५ |
| ४. | निर्वाचन आयुक्त श्री इला शर्मा, वरिष्ठ कम्प्युटर अधिकृत श्री रामगोविन्द अर्याल र कम्प्युटर इन्जिनियर श्री सुरजप्रकाश अर्याल | Global Exhibition on 'Best Practices in Voter Education and Use of Technology in Elections' कार्यक्रममा सहभागी हुने । | भारत | १४-१७ जनवरी, २०१६ |
| ५. | सहसचिव श्री सूर्य प्रसाद शर्मा, उपन्यायाधिवक्ता श्री सुशील कोइराला र जिल्ला निर्वाचन अधिकारी, तनहुँ श्री बाबुराम घिमिरे | संघीय संरचनाअनुरूप निर्वाचन व्यवस्थापनको बारेमा अध्ययन गर्ने । | भारत | २६-३१ डिसेम्बर २०१५ |
| ६. | उपसचिव श्री एकनारायण शर्मा | राजनीतिक दल व्यवस्थापनमा निर्वाचन व्यवस्थापन गर्ने निकायको भूमिका विषयक अध्ययनमा सहभागी हुने । | मेक्सिको | ९-१३ नोभेम्बर २०१५ |
| ७. | कम्प्युटर इञ्जिनीयर श्री समीर थापा | निर्वाचन व्यवस्थापनमा प्रविधिको भूमिका विषयक प्रशिक्षणमा सहभागी हुने । | भारत | १७-२६ नोभेम्बर २०१५ |

## आयोगमा नयाँ सहसचिवहरू

आयोगको कानुन तथा राजनीतिक दलसम्बन्ध महाशाखामा सहसचिव श्री मणिराम ओझा पदस्थापना हुनुभएको छ । उहाँ कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट सरूवा भई मिति २०७२/९/६ मा यस आयोगमा आउनुभएको हो । श्री ओझा सम्बत् २०४७ मा निजामती सेवामा प्रवेश गर्नुभएको थियो भने यस अघि क्षेत्रीय अदालत, पुनरावेदन अदालत, सूचना तथा सञ्चार मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रपतिको कार्यालय आदि निकायमा समेत रही कार्यानुभव हासिल गरिसक्नुभएको छ ।



सहसचिव
श्री मणिराम ओझा



सहसचिव तथा प्रवक्ता
श्री वासुदेव गुरागाई

त्यसैगरी शहरी विकास मन्त्रालयबाट सरूवा भई मिति २०७२/८/१६ मा यस आयोगमा आउनुभएका सहसचिव श्री वासुदेव गुरागाईंलाई आयोगको निर्वाचन व्यवस्थापन महाशाखामा पदस्थापना गरी आयोगको प्रवक्तासमेत तोकिएको छ । सम्बत् २०३४ साल मंसिर २७ गते निजामती सेवामा प्रवेश गरी सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग आदि विभिन्न निकायमा कार्यगरी सक्नुभएका श्री गुरागाई यसअघि विभिन्न पदमा करिब तेह्र वर्ष निर्वाचन आयोगमा समेत कार्य गरिसक्नुभएको छ । 'बास उठेका चराहरू (कविता संग्रह)', 'मोफसलको मधुरिमा (नियात्रा संग्रह)', 'बाजेको सेकुवा (हास्य व्यङ्ग्य संग्रह)' आदि साहित्यिक पुस्तकका लेखक श्री गुरागाईंले विभिन्न निर्वाचनमा मतदान अधिकृत, सहायक निर्वाचन अधिकृत, आदि विभिन्न भूमिकासमेत निर्वाह गरिसक्नुभएको छ ।

निजामती सेवा (संशोधनसहित) ऐन, २०४९ को दफा १८ (१) बमोजिम सरुवा गर्ने जिम्मेवारी अख्तियारवालालाई तोकिएको र सोही दफाको उपदफा (३) तथा निजामती सेवा (संशोधनसहित) नियमावली, २०५० को नियम ३६ (१) बमोजिम यस आयोग र अन्तरगत सरुवा हुने प्रयोजनको लागि निजामती सेवा ऐन, नियमावलीमा उल्लेखित प्रावधानको अतिरिक्त नियम ३६ को उपनियम (१५) र (१६) मापदण्ड निर्धारण गरिएको छ । यस आयोग (सचिवस्तर) बाट मिति २०७२/५/२४ गते मापदण्ड स्वीकृत भई लागू भएको छ । यसअघि आयोगको सरुवा मापदण्ड, २०६९ लागू रहेको थियो । सरुवा मापदण्ड, २०७२ देहायबमोजिम रहेको छ :

(क) सेवा प्रवाह हुने स्थान तथा दुर्गम स्थानका जिल्ला निर्वाचन कार्यालयहरूमा पद रिक्त नहुने गरी सरुवा गर्ने ।

(ख) "क" वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम् अवधि पूरा गरेको कर्मचारीलाई रिक्त पद मिलेसम्म निजले मागेको जिल्ला निर्वाचन कार्यालयमा सरुवा गर्ने ।

(ग) "ख" वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम् अवधि पूरा गरेको कर्मचारीलाई निजले मागेको क्षेत्रीयनिर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा सरुवा गर्न प्राथमिकता दिने ।

(घ) एउटै कार्यालयमा लामो अवधि बसेका कर्मचारीहरूमध्येबाट सबैभन्दा बढी अवधि भएका मध्येबाट प्राथमिकताक्रममा सरुवा गर्ने ।

(ङ) तीन महिनाभन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पूरा गरी फर्केका कर्मचारीहरूलाई दुर्गम स्थानका जिल्ला निर्वाचन कार्यालयमा पदस्थापन हुने गरी सरुवा गर्न प्राथमिकता दिने ।

(च) एउटै कार्यालयमा यसअघि पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरिसकेको कर्मचारीलाई सोही पदमा सामान्यतयाः दोहोऱ्याएर सरुवा नगर्ने ।

(छ) राम्रो कार्यसम्पादन गर्ने, सदाचारी तथा अनुशासित कर्मचारीलाई मागेको स्थानको कार्यालयमा सरुवा हुने गरी प्राथमिकता दिने तथा पुरस्कृत गर्नुपर्नेलाई दण्डित भएको महसुस हुनेगरी र तोकिएको जिम्मेवारी इमान्दारितापूर्वक वहन नगर्नेलाई प्रोत्साहित हुनेगरी सरुवा नगर्ने ।

(झ) विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही वा कारवाहीको प्रक्रियाबाट उन्मुक्ति पाउने किसिमले अन्यत्र सरुवा नगर्ने तर, निजलाई सोही कार्यालयमा राखीराख्न उपयुक्त नभएमा सरुवा गर्न सकिने ।

(ञ) विभागीय कारबाहीमा परेको कर्मचारीलाई सम्भव भएसम्म विभागीय कारबाही भएको मितिले २ बर्षसम्म कार्यालय प्रमुखको जिम्मेवारी दिनेगरि सरुवा नगर्ने ।

(ट) कुनै कार्यालयमा तोकिएको जिम्मेवारी पूरा नगर्ने, सार्वजनिकरूपमा बारम्बार गुनासो आइरहने र कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई अन्यत्र सरुवा गर्न सेवा समूह सञ्चालन गर्ने मन्त्रालयमा लेखी पठाउने ।

(ठ) कुनै कर्मचारी बिरामी वा घाइते भई कार्यरत स्थानमा उपचार हुन नसक्ने भनी मेडिकल वोर्डले सिफारिस गरेमा त्यस्ता कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा १८ (४) को प्रतिवन्धात्मक वाक्यांश तथा उपदफा (७) को प्रतिकुल नहुने गरी मागेको स्थानको कार्यालयमा सम्भव भएसम्म सरुवा गर्ने ।

(ड) भूकम्पबाट अति प्रभावित जिल्लाहरूका कार्यालयमा रिक्त रहेका पदहरू पूर्ति गर्ने गरी सरुवामा प्राथमिकता दिने ।

(ढ) भूकम्पमा परी घाइते भएका, अङ्गभङ्ग भएका, गर्भवती र सुत्केरी कर्मचारीलाई निजको इच्छा विपरीत अन्यत्र सरुवा नगर्ने सो सम्वन्धमा घाइते वा अङ्गभङ्ग भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गर्भवती सुत्केरी भनी मान्यता प्राप्त अस्पतालबाट प्रमाणित गरिएको कागजात पेश गर्नुपर्ने ।

(ण) एउटै कार्यालयको पदमा एकभन्दा बढी कर्मचारीको सरुवाको लागि निवदेन प्राप्त भएको अवस्थामा यस अघि उक्त कार्यालयअन्तर्गत कार्य नगरेको कर्मचारीमध्येबाट दुर्गम क्षेत्रमा काम गरेको र हालको पद तथा कार्यालयमा कार्यरत अवधिसमेतलाई आधार मानी दुर्गममा काम गर्ने र एउटै पदमा बढी अवधि काम गरेकालाई प्राथमिकता दिने गरी सरुवा गरिने ।

(त) आयोगको स्वतन्त्रता, स्वायत्तता, मर्यादा र तटस्थतामा प्रतिकूल असर पर्नेगरी सार्वजनिक टिकाटिप्पणी गर्ने र सामाजिक सञ्जालमा प्रतिक्रिया ब्यक्त गर्ने कर्मचारीलाई निजको सरुवा हुने अवधि नपुगेको भए तापनि आयोगबाट अन्यत्र सरुवा गरिदिन सम्बन्धित निकायमा लेखी पठाउने ।

(थ) आयोगमा रिक्त रहेको दरबन्दीबमोजिम कर्मचारीको पदस्थापन गर्न सामान्य प्रशासन मन्त्रालयले प्राथमिकता दिन अनुरोध गर्ने ।

(द) संवैधानिक अंगको संवेदनशीलतालाई मध्यनजर गरी आयोगको सहमति लिएर मात्र सामान्य प्रशासन मन्त्रालयले आयोगमा कार्यरत कर्मचारीलाई अन्यत्र सरुवा गर्ने नीति अवलम्बन गर्न अनुरोध गर्ने ।

(ध) सामान्य प्रशासन मन्त्रालयले जारी गरेको पदस्थापना तथा सरुवा मापदण्ड, २०६९ र सरुवासम्बन्धी मापदण्ड, २०७२ का आयोगका सन्दर्भमा मिल्ने बुँदाहरूलाई समेत आधार मानी सरुवा गर्न सकिने ।

## निर्वाचन पत्रिका र वार्षिक प्रतिवेदन प्रकाशित

आयोगद्धारा २०६८ साल असोजबाट प्रकाशन प्रारम्भ भई निरन्तर प्रकाशित हुँदै आइहेको निर्वाचन र लोकतन्त्रसम्बन्धी अर्धवार्षिक पत्रिका 'निर्वाचन' को वर्ष ५, अङ्क १, पूर्णाङ्क ७, २०७२ असोज अङ्क प्रकाशित भएको छ ।

यस अंकको नेपाली लेखरचना खण्डमा श्री दोलखबहादुर गुरुङ, श्री सूर्य प्रसाद श्रेष्ठ, श्री शारदाप्रसाद त्रिताल, श्री काशीराज दाहाल, श्री सुशील जंग बहादुर राणा, श्री पूर्णचन्द्र भट्टराई, श्री वीरबहादुर राई, श्री खेमराज झवाली, श्री सूर्यप्रसाद शर्मा, श्री राजेन्द्र शर्मा लौडारी, श्री देशबन्धु अधिकारी र श्री हेमराज अर्यालका क्रमशः 'निर्वाचनमा सुधारका उपायहरु', 'दुई निर्वाचनपछि नेपालको संविधान, २०७२', 'लोकतन्त्रको सुदृढीकरणको लागि विश्वसनीय निर्वाचन', ' नकारात्मक मतको विश्व अभ्यास', 'निर्वाचन खर्च : उपेक्षा गरिएको गम्भीर विषय', 'स्थानीय स्वयात्त शासन र निर्वाचित स्थानीय निकाय', 'प्रभावकारी निर्वाचन व्यवस्थापनका नीति, कार्ययोजना र कार्यान्वयन पक्ष', 'नेपालमा निर्वाचन विवाद निरूपणको अभ्यास', 'श्रीलंकाको निर्वाचन प्रक्रिया : एक अनुभव', 'विश्वमा प्रचलित निर्वाचन प्रणालीहरु र नेपालको सन्दर्भ', 'निर्वाचनमा सामग्री व्यवस्थापन : चुनौती र समस्याहरु र 'नेपालको सार्वजनिक प्रशासनमा नेतृत्व व्यवस्थापनका केही सवालहरु नामक नेपाली लेखरचनाहरू प्रकाशित भएका छन् । सोही खण्डमा निर्वाचन आयोगका तत्कालीन सचिव श्री नरेन्द्र दाहालसँग लिइएको अन्तर्वार्तासमेत प्रकाशित भएको छ । अंग्रेजी लेखरचना खण्डमा श्री नीलकण्ठ उप्रेती र श्री युवराज गुरागाईंका अंग्रेजी लेखरचनाहरू क्रमशः Elections in Nepal with Glimpse of South Asian Countries र Principles of Political Finance समेत प्रकाशित भएका छन् । त्यसैगरी नवीनतम् निर्वाचन गतिविधिहरु अन्तर्गत प्रमुख निर्वाचन आयुक्तको विदाइ तथा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा पदभार ग्रहण, केन्द्रीय समीक्षा गोष्ठी सम्पन्न, आर्थिक वर्ष २०७२/०७३ को नेपाल सरकारको निर्वाचनसम्बन्धी नीति तथा कार्यक्रम, निर्वाचन आचारसंहिता, २०७२ आयोगबाट स्वीकृत, दोस्रो रणनीतिक योजना, २०७१-२०७६ तर्जुमा, क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन, विनासकारी भूकम्पबाट भएको क्षति तथा त्यसको न्यूनीकरणका लागि गरिएका प्रयासहरु, नयाँ सचिवको स्वागत र पूर्व प्रमुख निर्वाचन आयुक्त सुन्दरप्रसाद शाहको निधन जस्ता नवीनतम गतिविधिहरू समेटिएको छ ।




निर्वाचन आयोग ऐन, २०६३ को दफा ४२ बमोजिम आयोगले सम्पादन गरेका कार्यको विवरण वार्षिक प्रतिवेदनको रूपमा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन प्रकाशित गरिएको छ । यस वार्षिक प्रतिवेदनमा निर्वाचन आयोग : संक्षिप्त परिचय, जनशक्ति तथा सामग्री व्यवस्थापन, योजना, अनुगमन, अनुसन्धान तथा वैदेशिकसम्बन्ध, मतदाता नामावली, निर्वाचन शिक्षा तथा सूचना, निर्वाचन व्यवस्थापन तथा सञ्चालन, सूचना प्रविधि तथा प्रणाली व्यवस्थापन, निर्वाचन कानुन तथा राजनीतिक दल व्यवस्थापन, स्रोत परिचालन, नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदाउपर सुझाव, आर्थिक वर्ष २०७१/०७२ का मुख्य उपलब्धिहरू, प्रमुख समस्या तथा चुनौतीहरु र समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु आदि विषयवस्तु समावेश गरिएको छ ।

सहसचिव श्री वीर वहादुर राई संयोजक, उपसचिव (लेखा) श्री बाबुराम श्रेष्ठ, उपसचिव श्री एकनारायण शर्मा, उपसचिव श्री लक्ष्मी देवी होमागाईं, उपसचिव (तथ्यांक) श्री सरोज भट्टराई र कम्प्युटर अधिकृत श्री श्रीराम क्षेत्री सदस्य तथा पुस्तकालय अधिकृत श्री प्रदीप भट्टराई सदस्य सचिव रहेको वार्षिक प्रतिवेदन तयारी तथा सम्पादन समितिबाट तयार भई आयोगबाट स्वीकृत भएको प्रतिवेदन ५०० प्रति प्रकाशित गरिएको छ ।

## निर्वाचन दिवस घोषणा

हरेक वर्ष फागुन ७ गते निर्वाचन दिवस मनाउने निर्णय आयोगको मिति २०७२/८/२७ गतेको बैठकबाट पारित भएको छ । लोकतन्त्र, निर्वाचन र सुशासनसम्बन्धी विषयमा राष्ट्रिय चासो निर्माण हुनुको साथै यस दिवसमा आयोगले सरोकारवालाहरूबीच समसामयीक विषयमा आफ्ना धारणाहरू सार्वजनिक गर्न, नवीन धारणाहरू निर्माण गर्न, समसामयिक परिवर्तनलाई आत्मसात गर्न सहज हुने अवस्था निर्माण गर्न तथा निर्वाचन प्रणाली, विधि र प्रक्रियाका बारेमा सर्वसाधारणलाई उपयुक्त सूचना तथा सन्देश प्रवाह गर्न निर्वाचन दिवस मनाउने निर्णय गरिएको हो । स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको सन्देश नेपाली जनताको घरदैलोमा पुऱ्याई लोकतन्त्रको संस्थागत विकास गर्न योगदान पुऱ्याउने, मतदातालाई सचेतना र उत्प्रेरणा वृद्धि गर्न, मतदाता दर्ता कार्यमा सरोकारवालाहरूको सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने, आयोगबाट निर्माण भएका नीतिगत, योजनागत र कार्यक्रमगत क्रियाकलापहरूमा सरोकारवालाको पृष्ठपोषण प्राप्त गर्नेसमेत उद्देश्यले दिवस मनाउन प्रारम्भ गरिएको हो । आयोगले निर्वाचन सञ्चालन व्यवस्थापनका साथै निर्वाचन तथा मतदाता शिक्षालाई प्रभावकारी बनाउँदै आइरहेको सन्दर्भमा निर्वाचन दिवस मनाउन

विविध कार्यक्रम तय गरी आवश्यक तयारी थालिएको छ ।

निर्वाचन दिवस मनाउने सन्दर्भ मतदाता दर्ता सप्ताह सञ्चालन गरी हरेक जिल्ला निर्वाचन कार्यालयले मतदाता दर्तासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, आयोग र अन्तर्गतका कार्यालयहरूको समन्वयमा लोकतन्त्र र निर्वाचनसम्बन्धी समसामयिक विषयहरूमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, लोकतन्त्र र निर्वाचनसम्बन्धी सूचना, पर्चा र पोष्टर वितरण तथा प्रदर्शन गर्ने, लोकतन्त्र र निर्वाचनसम्बन्धी रेडियो परिसंवाद कार्यक्रम सञ्चालन गर्ने, प्लेकार्डसहितको र्‍याली आयोजना गर्ने, सरोकारवालासँग आयोग र अन्तरगतबाट सञ्चालन हुने कार्यक्रमहरूको बारेमा जानकारी प्रदान गर्ने, लोकतन्त्र र निर्वाचनसम्बन्धी निम्वन्ध लेखनलगायतका प्रतियोगिताहरू आयोजना गर्ने, आयोग र अन्तरगत कार्यरत एवं सेवानिवृत पदाधिकारी एवं कर्मचारीहरूलाई उत्कृष्ट निर्वाचन पदक एवं सम्मानपत्र/प्रसंशापत्र प्रदान गर्ने, निर्वाचन संस्मरणात्मक हुलाक टिकट प्रकाशन गराउने, तथा आयोगले उपयुक्त ठहर्‍याएका अन्य क्रियाकलापहरू सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

निर्वाचन दिवस मनाउने सिलसिलामा २०६८ सालमा आयोगका तत्कालीन सहसचिव श्री मधुप्रसाद रेग्मीको संयोजकत्वमा गठित निर्वाचन दिवस सिफारिस समितिले दिएको प्रतिवेदनका तीन विकल्पहरू क्रमशः नेपालमा पहिलो संसदीय निर्वाचन प्रारम्भ भएको र नेपाली नागरिकले पहिलोपटक मताधिकार प्रयोग गरेको ऐतिहासिक दिन अर्थात् फागुन ७ गते, निर्वाचन आयोग ऐन २०२३ जारी भएको दिन अर्थात् भाद्र २४ गते, निर्वाचन आयोगले पहिलोपटक संवैधानिक हैसियत प्राप्त गरेको दिन अर्थात् माघ १४ गतेमध्ये पहिलो विकल्पलाई छनोट गरी आयोगले निर्वाचन दिवस मनाउने निर्णय गरेको हो ।

निर्वाचन दिवस मनाउन केन्द्रीयस्तरमा मूल तयारी समिति, जिल्लास्तरमा जिल्लास्तरीय समन्वय समिति र गाउँपालिका तथा नगरपालिका गाउँ/नगरस्तरीय समन्वय समितिको गठन गरिने व्यवस्थासमेत निर्णयमा गरिएको छ । प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा रहने मूल तयारी समितिमा निर्वाचन आयुक्तहरू, निर्वाचन आयोगका सचिव, सहसचिवहरू सदस्यका रूपमा रहने तथा आयोगको प्रशासन शाखाका उपसचिव सदस्य सचिव भई कार्य गर्ने व्यवस्था गरिएको छ । जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी सदस्य सचिव रहेको जिल्ला समन्वय समिति रहनेछ । उक्त समितिमा स्थानीय विकास अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखका साथै सबै सरकारी र सरकारी स्वामित्वमा रहेका कार्यालयका प्रमुख एवं राजनीतिक दल (संघीय संसद तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने र जिल्लामा क्रियाशील) र सामाजिक संघ/संस्थाका प्रमुखहरू आमन्त्रितको रूपमा रहने छन् । त्यसैगरी गाउँ एवं नगरस्तरीय समन्वय समितिमा स्थानीय नगरपालिका/गाउँपालिकाका प्रमुखको संयोजकत्वमा स्थानीयस्तरमा रहेका सरकारी कार्यालयका प्रमुख एवं राजनीतिक दल र सामाजिक संघ/संस्थाका प्रमुखहरू आमन्त्रितको रूपमा रहने छन् । आगामी २०७३ सालदेखि निर्वाचन दिवस मनाउने कार्यक्रम रहेको छ ।

## प्राविधिक समितिद्वारा प्रतिवेदन तयार

नयाँ संविधान जारी भएपश्चात् संघीयताको कार्यान्वयन गर्ने सिलसिलामा राज्यको प्रशासकीय पुर्नसंरचनालाई संस्थागतरूपमा व्यवस्थित गरी संविधानले तोकेको तीन तहको कार्यसूची र सहवर्ती अधिकारबमोजिम आ-आफ्नो निकायको जनशक्ति, स्रोतसाधन र संगठनात्मक संरचनालाई कार्यात्मक बनाई तदनुरूप अगाडि बढाउने सन्दर्भमा उपयुक्त सुझावसहितको कार्ययोजना तयार गर्ने प्रयोजनको लागि मिति २०७२/६/८ मा आयोगमा प्राविधिक समिति गठन भएको छ । सहसचिव श्री वीरबहादुर राईको संयोजकत्वमा उपसचिव (कानुन) श्री सुशील कोइराला, उपसचिव (लेखा) श्री बाबुराम श्रेष्ठ, उपसचिव श्री एकनारायण शर्मा र शाखा अधिकृत श्री राजेन्द्र प्रसाद कडेल सदस्य सचिव रहेको पुर्नसंरचना प्राविधिक समितिलाई निश्चित कार्यविवरणसमेत तोकिएको छ । कार्यविवरणमा आयोग र अन्तर्गतको संगठन संरचनालाई नयाँ संवैधानिक व्यवस्था बमोजिम पुर्नसंरचना गरी उपयुक्त संगठन संरचना सिफारिस गर्ने, प्रस्तावित संगठन संरचनाको कार्यविवरण तयार गर्ने, संगठन संरचनाको लागि आवश्यक जनशक्ति पहिचान गरी श्रेणीगत आधारमा कार्यविवरण तयार गर्ने तथा जनशक्ति व्यवस्थापनको लागि वित्तीय विश्लेषणसहित विद्यमान जनशक्तिमा गर्नुपर्ने पुनरावलोकन सिफारिस गर्ने विषय तोकिएका छन् ।

समितिले मिति २०७२/७/११ गते पेश गरेको प्रतिवेदनमा केन्द्रमा हालको साविक बमोजिमको विभिन्न पदका १६४ दरबन्दी रहने गरी प्रस्ताव गरेको छ । त्यसैगरी समितिले प्रान्तमा प्रशासन सेवाको सहसचिवको नेतृत्वमा विभिन्न पदका ३० दरबन्दी तथा जिल्लामा शाखा अधिकृतको नेतृत्वमा विभिन्न पदका कम्तीमा ७ र बढीमा १० दरबन्दी प्रस्ताव गरेको छ ।

## निर्वाचन इतिहास लेखन प्रारम्भ

आयोगको मिति २०७२/७/१९ को निर्णयानुसार लागि विभिन्न नौजना लेखकहरू छनौट र विषयवस्तु निर्धारण गरी 'नेपालको निर्वाचन इतिहास' नामक पुस्तक लेखन कार्य प्रारम्भ गरिएको छ । विषयवस्तुको गहनता, कार्यबोझ, कार्य जटिलता र कार्यपरिमाणका आधारमा लेखकहरूको पारिश्रमिक निर्धारणसमेत गरी देहायबमोजिम विषयवस्तु समेटी पुस्तक लेखन कार्य गर्न लेखकहरू छनोट गरिएको छ :

| लेखकको नाम | परिच्छेद | विषयवस्तु |
|---|---|---|
| प्रा.डा. शङ्कर थापा | परिचय र निर्वाचनको अवधारणा | नेपालको प्राचीनकाल, मध्यकाल र आधुनिक कालको सामाजिक, राजनीतिक इतिहास शासन प्रणाली, शासन सञ्चालनमा नागरिक सहभागिताको अवस्था र विधि |
| डा. चन्द्रकान्त ज्ञवाली | संवैधानिक एवम् कानूनी व्यवस्था | निर्वाचनको परम्परागत अवधारणा अन्तर्गत व्यवस्थामा नागरिक सहभागिताको अवधारणा, नेतृत्व वा प्रतिनिधि छनौटको विधि, नेपालमा शासन व्यवस्थामा नागरिक सहभागिताको इतिहास, विधि र अभ्यास तथा निर्वाचनको आधुनिक अवधारणा अन्तर्गत शासन व्यवस्थामा नागरिक सहभागिताको व्यवस्थित अभ्यासको थालनी, नेपालमा निर्वाचनको अभ्यास र संवैधानिक एवम् कानूनी व्यवस्था |
| डा. विपिन अधिकारी | निर्वाचन व्यवस्थापन निकाय | निर्वाचन व्यवस्थापनका लागि समय समयमा गठन भएका निकाय, निर्वाचन आयोगको गठन र कार्यक्षेत्र, काम कर्तव्य एवम् अधिकार तथा निर्वाचन आयोगको संस्थागत विकास |
| श्री गोविन्द गौतम | स्थानीय निकाय निर्वाचन | स्थानीय निकाय निर्वाचन (वि.सं.२००३ सालदेखि २०६२ सालसम्म विभिन्न तह (गाउँ ,नगर र जिल्ला तह) का स्थानीय निकाय निर्वाचन) सम्बन्धी राजनीतिक व्यवस्था, परिवेश, कानूनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन क्षेत्र, मतदाताको योग्यता, मतदाता नामावली तयार गर्ने प्रक्रिया र ढाँचा, मतपत्रको ढाँचा, उम्मेदवार हुन चाहिने योग्यता, जनशक्ति व्यवस्थापन, तालिम, सुरक्षा प्रवन्ध, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन प्रचारप्रसार, निर्वाचन खर्चसम्बन्धी व्यवस्था, धरौटीसम्बन्धी व्यवस्था, निर्वाचन आचारसंहिताको व्यवस्था र कार्यान्वयन, मतदान केन्द्र, मत संकेत गर्ने तरिका, मतपेटिकाको व्यवस्था, विभिन्न निर्वाचन सामग्रीको प्रयोग र व्यवस्थापन, निर्वाचन पर्यवेक्षण, अनुगमन, निर्वाचनमा प्रविधिको प्रयोग, मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूको सहयोग, जम्मा मतदाता संख्या, महिला मतदाता र पुरुष मतदाताको संख्या, मदतान प्रतिशत, सदर र बदर मतको अवस्था, निर्वाचन परिणाम लगायतका निर्वाचनसम्बन्धी सामग्री |
| प्रा.डा. मीना वैद्य मल्ल र प्रा. गेहेन्द्रलाल मल्ल | विधायिकाको निर्वाचन | विधायिकाको निर्वाचन (वि.सं.२०१५ सालदेखि २०५६ सालसम्म सम्पन्न विधायिकाको निर्वाचन (दुई सदनात्मक व्यवस्थापिका रहेको हकमा दुवै सदनको निर्वाचन) सम्बन्धी राजनीतिक व्यवस्था, परिवेश, कानूनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन क्षेत्र, मतदाताको योग्यता, मतदाता नामावली तयार गर्ने प्रक्रिया र ढाँचा, मतपत्रको ढाँचा, उम्मेदवार हुन चाहिने योग्यता, जनशक्ति व्यवस्थापन, तालिम, सुरक्षा प्रवन्ध, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन प्रचारप्रसार, निर्वाचन खर्चसम्बन्धी व्यवस्था, धरौटीसम्बन्धी व्यवस्था, निर्वाचन आचारसंहिताको व्यवस्था र कार्यान्वयन, मतदान केन्द्र, मत संकेत गर्ने तरिका, मतपेटिकाको व्यवस्था, विभिन्न निर्वाचन सामग्रीको प्रयोग र व्यवस्थापन, निर्वाचन पर्यवेक्षण, अनुगमन, निर्वाचनमा प्रविधिको प्रयोग, मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूको सहयोग, जम्मा मतदाता संख्या, महिला मतदाता र पुरुष मतदाताको संख्या, मदतान प्रतिशत, सदर र बदर मतको अवस्था, निर्वाचन परिणाम लगायतका निर्वाचनसम्बन्धी सामग्री |
| श्री दीपक अर्याल | राष्ट्रिय जनमत संग्रह | वि.सं.२०३७ सालमा सम्पन्न राष्ट्रिय जनमत संग्रह सम्बन्धी राजनीतिक व्यवस्था, परिवेश, कानूनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन क्षेत्र, मतदाताको योग्यता, मतदाता नामावली तयार गर्ने प्रक्रिया र ढाँचा, मतपत्रको ढाँचा, उम्मेदवार हुन चाहिने योग्यता, जनशक्ति व्यवस्थापन, तालिम, सुरक्षा प्रवन्ध, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन प्रचारप्रसार, निर्वाचन खर्चसम्बन्धी व्यवस्था, धरौटीसम्बन्धी व्यवस्था, निर्वाचन आचारसंहिताको व्यवस्था र कार्यान्वयन, मतदान केन्द्र, मत संकेत गर्ने तरिका, मतपेटिकाको व्यवस्था, विभिन्न निर्वाचन सामग्रीको प्रयोग र व्यवस्थापन, निर्वाचन पर्यवेक्षण, अनुगमन, निर्वाचनमा प्रविधिको प्रयोग, मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूको सहयोग, जम्मा मतदाता संख्या, महिला मतदाता र पुरुष मतदाताको संख्या, मदतान प्रतिशत, सदर र बदर मतको अवस्था, निर्वाचन परिणाम लगायतका निर्वाचनसम्बन्धी सामग्री |
| श्री शकुन्तला न्यौपाने | संविधानसभा सदस्य निर्वाचन, २०६४ | संविधानसभा सदस्य निवार्नचन, २०६४ सम्बन्धी राजनीतिक व्यवस्था, परिवेश, कानूनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन क्षेत्र, मतदाताको योग्यता, मतदाता नामावली तयार गर्ने प्रक्रिया र ढाँचा, मतपत्रको ढाँचा, उम्मेदवार हुन चाहिने योग्यता, जनशक्ति व्यवस्थापन, तालिम, सुरक्षा प्रवन्ध, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन प्रचारप्रसार, निर्वाचन खर्चसम्बन्धी व्यवस्था, धरौटीसम्बन्धी व्यवस्था, निर्वाचन आचारसंहिताको व्यवस्था र कार्यान्वयन, मतदान केन्द्र, मत संकेत गर्ने तरिका, मतपेटिकाको व्यवस्था, विभिन्न निर्वाचन सामग्रीको प्रयोग र व्यवस्थापन, निर्वाचन पर्यवेक्षण, अनुगमन, निर्वाचनमा प्रविधिको प्रयोग, मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूको सहयोग, जम्मा मतदाता संख्या, महिला मतदाता र पुरुष मतदाताको संख्या, मदतान प्रतिशत, सदर र बदर मतको अवस्था, निर्वाचन परिणाम, बृहत शान्ति संझौता, अन्तरिम संविधानले गरेको समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था लगायतका निर्वाचनसम्बन्धी सामग्री |
| श्री श्याम यादव | संविधानसभा सदस्य निर्वाचन, २०७० | संविधानसभा सदस्य निर्वाचन, २०७० सम्बन्धी राजनीतिक व्यवस्था, परिवेश, कानूनी व्यवस्था, निर्वाचन प्रणाली, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन क्षेत्र, मतदाताको योग्यता, मतदाता नामावली तयार गर्ने प्रक्रिया र ढाँचा, मतपत्रको ढाँचा, उम्मेदवार हुन चाहिने योग्यता, जनशक्ति व्यवस्थापन, तालिम, सुरक्षा प्रवन्ध, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन प्रचारप्रसार, निर्वाचन खर्चसम्बन्धी व्यवस्था, धरौटीसम्बन्धी व्यवस्था, निर्वाचन आचारसंहिताको व्यवस्था र कार्यान्वयन, मतदान केन्द्र, मत संकेत गर्ने तरिका, मतपेटिकाको व्यवस्था, विभिन्न निर्वाचन सामग्रीको प्रयोग र व्यवस्थापन, निर्वाचन पर्यवेक्षण, अनुगमन, निर्वाचनमा प्रविधिको प्रयोग, मित्रराष्ट्र र विकास साझेदार संस्थाहरूको सहयोग, जम्मा मतदाता संख्या, महिला मतदाता र पुरुष मतदाताको संख्या, मदतान प्रतिशत, सदर र बदर मतको अवस्था, निर्वाचन परिणाम लगायतका निर्वाचनसम्बन्धी सामग्री |

पुस्तक लेखन एवम् प्रकाशनको लागि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा निर्वाचन आयोगका सचिव, निर्वाचन व्यवस्थापन महाशाखाका सहसचिव, त्रिभुवन विश्वविद्यालय, इतिहास विभागबाट मनोनित प्राध्यापक प्रा.डा. शंकर थापा, त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र विभागबाट मनोनित प्राध्यापक प्रा.डा. मीना वैद्य मल्ल, राष्ट्रिय अभिलेखालयका इतिहाससम्बन्धी विज्ञ श्री शौभाग्य प्रधानाङ्ग, मदन पुरस्कार गुठीबाट मनोनित अनुसन्धानदाता श्री दीपक अर्याल सदस्य र निर्वाचन सञ्चालन शाखाका उपसचिव श्री देशबन्धु अधिकारी सदस्य सचिव रहेको सम्पादक मण्डल तथा प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा निर्वाचन आयुक्तहरू र आयोगका सचिव सम्मिलित सल्लाहकार समिति गठन भई क्रियाशील रहेको छ ।

## निर्वाचन सञ्चालन दिग्दर्शन तयारी प्रारम्भ

आयोगको मिति २०७२/६/२९ को निर्णयानुसार निर्वाचन सञ्चालन दिग्दर्शन (Election Operations Manual) तयार गर्न निर्वाचन आयोगका सचिवको संयोजकत्वमा निर्वाचन दिग्दर्शन तर्जुमा समिति गठन गरिएको छ । यस समितिमा सदस्यहरूमा आयोगका सबै महाशाखा प्रमुखहरू, प्रशासन शाखा प्रमुख उपसचिव श्री एकनारायण शर्मा, निर्वाचन सञ्चालन शाखा प्रमुख उपसचिव श्री देशबन्धु अधिकारी, कानून शाखा प्रमुख उपसचिव श्री सुशील कोइराला, गृह मन्त्रालयका एकजना उपसचिव, आयोगका शाखा अधिकृत श्री भेषराज रिजाल र सदस्य सचिव शाखा अधिकृत श्री ऋषिराम भुसाललाई तोकिएको छ ।

निर्वाचनको व्यवस्थापन र सञ्चालनसम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानलाई समेटी कुन काम कहिले, कसरी र कसले गर्ने भन्ने सम्बन्धमा स्पष्ट मार्गचित्रसहितको दिग्दर्शन तयार गर्न समितिलाई कार्यविवरणसमेत तोकिएको छ । कार्यविवरणमा निर्वाचन व्यवस्थापन र सञ्चालनका क्रममा सम्पन्न गर्नुपर्ने क्रियाकलाप पहिचान गर्ने, निर्वाचन क्रियाकलाप सञ्चालन गर्न क्रमवद्धरूपमा सम्पन्न गर्नुपर्ने विभिन्न कार्य र उक्त कार्यहरू प्रारम्भ र सम्पन्न गर्नुपर्ने अवधि खुलेको विस्तृत कार्यतालिका तयार गर्ने, निर्वाचनको मिति घोषणादेखि निर्वाचन परिणाम प्रकाशन सम्मका प्रत्येक क्रियाकलाप सम्पन्न गर्न अपनाउनु पर्ने कार्यप्रक्रिया, समय सीमा, संलग्न रहनुपर्ने कागजात, महत्वपूर्ण कागजातका ढाँचा (नमूना), जिम्मेवार शाखा वा अधिकारी एवं आवश्यकताअनुसार उदाहरण सामग्रीसमेत संलग्न भएको आदिसमेत उल्लेख गरी दिग्दर्शन सामग्री लेखन, सम्पादन गर्ने, दिग्दर्शन तर्जुमाको प्रगति विवरण नियमितरूपमा निर्देशक समितिमा पेश गरी प्राप्त सुझाव, निर्देशन बमोजिम गर्ने, दिग्दर्शन पुस्तिकाको अन्तिम मस्यौदा तयार गरी पेश गर्ने कार्यहरू उल्लेख गरिएको छ । दिग्दर्शन तर्जुमा समितिले कार्य प्रारम्भ गरेको मितिले नब्बेदिनभित्र अन्तिम मस्यौदा तयार गरी पेश गर्नुपर्ने गरी समयसीमासमेत निर्धारण गरिएको छ ।

दिग्दर्शन तयारीलाई प्रभावकारी बनाउन २०७२ साल मंसिर २९ गते नगरकोटमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रममा निर्वाचनका समयमा गर्नुपर्ने क्रियाकलापहरू शाखागतरूपमा प्रस्तुत गरी सोउपर छलफल तथा समीक्षासमेत गरियो । यस कार्यक्रमको समापन सत्रमा निर्वाचन आयुक्त श्री इला शर्माले गर्नुभएको थियो भने उद्घाटन सत्रमा सचिव श्री शारदाप्रसाद त्रितालले गर्नुभएको थियो । यस कार्यक्रममा सहसचिव श्री वीरबहादुर राई, सहसचिव श्री वासुदेव गुरागाईं, आयोगका सबै शाखा प्रमुखहरू तथा दिग्दर्शन तर्जुमा समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।

## आयोगका अवकाश प्राप्त कर्मचारीहरूको विदाइ

५८ वर्ष उमेर पूरा भई नायब सुब्बा श्री साजन श्रेष्ठ र कार्यालय सहयोगी श्री प्रदिम्न प्रसाद उपाध्यायले निजामती सेवाबाट अनिवार्य अवकास पाउनुभएको छ । श्री श्रेष्ठ २०७२ साल मंसिर ४ गतेदेखि तथा श्री उपाध्याय २०७२ साल मंसिर १९ गतेदेखि अवकास हुनुभएको हो । अवकास प्राप्त श्री श्रेष्ठ र श्री उपाध्यायलाई आयोगको कार्यकक्षमा विदाइ गरिएको थियो । सचिव श्री शारदाप्रसाद त्रितालले माला, टोपी, पशुपतिको मन्दिरको नमूना, डायरी तथा पुष्प गुच्छा दिई दुबै जनाको विदाइ गर्नुभएको थियो । सो अवसरमा सहसचिव श्री वीरबहादुर राई, सहसचिव श्री सूर्यप्रसाद शर्मा, शाखा प्रमुख तथा अन्य कर्मचारीहरूले समेत पुष्प गुच्छा र अविर लगाएर विदाइ गर्नुभएको थियो ।


श्री साजन श्रेष्ठ


श्री जीवनलक्ष्मी अधिकारी


श्री प्रदिम्न प्रसाद उपाध्याय

त्यसैगरी लेखापाल श्री जीवनलक्ष्मी अधिकारी मिति २०७२ पुस १३ गते राजिनामा दिई निजामती सेवाबाट अवकास हुनुभएको छ । श्री अधिकारीको विदाइ २०७२ साल पुस २७ गते आयोगको सभाहलमा भएको छ । विगत चारवर्षदेखि आयोगमा कार्यरत हुनुहुन्थ्यो ।